# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७९।०४।२३ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला सर्लाही, रामनगर गाउँपालिका, वडा नं. ६ स्थित मलघट्टा चोकदेखि गोडैता नगरपालिकाको रामवन चोकसम्मको सडक स्तरोन्नति गर्ने कार्यको लागि प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालयबाट बजेट बिनियोजन भई उपभोक्ता समितिलाई जिम्मा दिएकोमा निजहरुले इस्टिमेट अनुसार सडक नबनाई सम्पूर्ण रकम निकासा गरी हिनामिना गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा उक्त सडक निर्माणमा गैरकानूनी लाभ वा हानी पुऱ्याउने बदनियतले कार्य गर्ने देहायका व्यक्तिहरु उपर देहायबमोजिम सजाय हुन मागदावी लिई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ र दफा ३५ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ बमोजिम आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

**देहायः**

**(क) पूर्वाधार विकास कार्यालय, रौतहटका तत्कालीन निमित्त कार्यालय प्रमुख इन्जिनियर शिवजी प्रसाद राय, इन्जिनियर राम किशोर साह र सव-इन्जिनियर प्रेमचन्द्र झाले** आ.व. २०७५/०७६ मा रामबन गोटदेखि मलघट्टा हुँदै महिनाथपुर नहरसम्म ग्राभेल स्तरको सडक निर्माण गर्ने क्रममा गलत नापी किताब, भुक्तानी बिल र कार्य सम्पन्न प्रतिवेदन स्वीकृत गरी भुक्तानीसमेत दिई रु.१६,५९,९७२।६० हानी पुऱ्याएको देखिँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) (ग) र (१)(ङ) को कसूरमा ऐ.ऐ. दफा ८ को उपदफा (१) बमोजिम निजहरुलाई बिगो रु.१६,५९,९७२।६० (सोह्र लाख उन्साठ्ठी हजार नौ सय बहत्तर रुपैयाँ साठ्ठी पैसा) कायम गरी कैद र बिगोबमोजिम जरिवाना गरी बिगो असुलउपर हुन साथै भए गरेको कार्यभन्दा बढी नभए नगरेको कुरा देखाई बदनियतपूर्वक गलत नापी किताब, अन्तिम बिल र कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने, पेस गर्ने, स्वीकृतिको लागि सिफारिस गर्ने र स्वीकृत गर्ने कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूर भएकोले निजहरुलाई ऐ.ऐ. दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा थप कैद र जरिवाना हुन समेत मागदावी लिइएको छ ।

**(ख) पूर्वाधार विकास कार्यालय, रौतहटका लेखा अधिकृत महम्मद दाउदले** ग्राभेल सडक निर्माण अन्तर्गतको ग्राभेल गर्ने कार्य मेसिन उपलब्ध गराई सम्पन्न गर्ने गरी दररेट निर्धारण गरी लागत अनुमान स्वीकृत भई उपभोक्ता समितिसँग योजना सम्झौता भएकोमा योजना सम्झौताका शर्तहरु अनुसार मुल्य अभिबृद्धि कर (VAT) लाग्ने बस्तु, सेवा खरिद गर्दा अनिवार्य रुपमा मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट खरिद गर्नुपर्नेमा सो अनुसार कार्य नगरी/नगराई कन्स्ट्रक्सन कम्पनीलाई बिल विजकसमेत जारी गर्न नलगाई निजले भरपाईको भरमा सबै रकम भुक्तानी दिई मुल्य अभिबृद्धि करबापतको कर राजश्व रु.४,९७,५६६।३७ चुहावट गराएको देखिँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को खण्ड (क) बमोजिमको कसूरमा ऐ.ऐ. दफा ७ ले गरेको व्यवस्थाबमोजिम सोही ऐनको दफा ३

को उपदफा (१) को देहाय खण्ड (घ) बमोजिमको सजाय गरी ऐ.ऐ. को दफा ७ बमोजिम चुहावट गराएको राजश्व रकम रु.४,९७,५६६।३७ को दोब्बरले हुन आउने रकम रु.९,९५,१३२।७४ (नौ लाख पन्चानब्बे हजार एक सय बत्तीस रुपैयाँ चौरहत्तर पैसा) जरिवाना हुन समेत मागदावी लिइएको छ ।

**(ग) सडक मर्मत तथा ग्राभेल निर्माण कार्य उपभोक्ता समितिका अध्यक्ष राज कुमार महतोले** रामबन गोटदेखि मल्घट्टा हुँदै महिनाथपुर नहरसम्म ग्राभेल स्तरको सडक निर्माण गर्ने कार्यमा गलत नापी किताब र भुक्तानी बिल तयार गर्न लगाई गैरकानुनी लाभ लिने बद्नियतले पूर्वाधार विकास कार्यालय, रौतहटमा पेस गरी भुक्तानीसमेत लिई रु.१६,५९,९७२।६० हानी पुऱ्याएको देखिँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) को कसूरमा ऐ.ऐ. दफा ८ को उपदफा (४) बमोजिम बिगो रु.१६,५९,९७२।६० (सोह्र लाख उन्साठ्ठी हजार नौ सय बहत्तर रुपैयाँ साठ्ठी पैसा) कायम गरी सोही दफामा उल्लेख भए अनुसार सजाय हुन मागदावी लिइएको छ ।

प्रवक्ता

श्याम प्रसाद भण्डारी